राक्सिराङ्ग गाउँपालिका
**गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर**
बैठक संख्या : ७६

मिति: २०७९/०२/२५ गते बुधबार

आज मिति २०७९ जेठ २५ गते बुधबारका दिन बिहान ०८:०० बजे गाउँपालिका अध्यक्ष श्री राजकुमार मल्लको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको ७६औं बैठक बसी निम्नानुसारको निर्णय गरियो :

उपस्थिति:

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री बनस्तम थिङ | |
| ३ | सदस्य | श्री बाबी राम मुक्तान, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री बुद्ध राम मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री उत्तम वाइवा, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री हरि बहादुर प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री अकल बहादुर मोक्तान, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री राम बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री युसाई प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सुजता दमाई | सुजता |
| १३ | सदस्य | श्री सजिना मुक्तान नेपाली | |
| १४ | सदस्य | श्री शुशिला सुनार | सुसीला |
| १५ | सदस्य | श्री शान्ता कुमारी अर्याल | सावल |
| १६ | सदस्य | श्री सिङ्गलाल प्रजा | |
| १७ | सदस्य | श्री चन्द्रमान प्रजा | |
| १८ | सचिव | श्री देव चन्द्र गर्तौला | |

राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर
बैठक संख्या: ७६

मिति: २०७९/०२/२५ गते बुधबार

निर्णय नं.१:

नेपालको संविधान २०७२ भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा १८ उपधारा ३ मा भएको व्यवस्था अनुसार सामाजिक सांस्कृतिक दृष्टिमा पिछडिएका अल्पसंख्यक, सीमान्तकृत तथा आर्थिक रुपले विपन्न नागरिकको लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने, धारा ५६(५) को व्यवस्था बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९९ उपदफा २ बमोजिमको योग्यता समेतका आधारमा अति विपन्न तथा पिछडिएका चेपाङ्ग जातिको बाहुल्य बसोबास रहेको यस राक्सिराङ्ग गाउँपालिकालाई ***चेपाङ् संरक्षित क्षेत्र*** घोषणा गरी विशेष कार्यक्रम संचालन गरी समतामूलक, समावेशी तथा दीगो विकासका लागि प्रदेश सरकार तथा संघीय सरकार समक्ष अनुरोध गर्ने ।

निर्णय नं.२:

राक्सिराङ्ग गाउँपालिका अति गरिब तथा विपन्न घर परिवारका सदस्यहरुलाई सहज तथा सरल स्वास्थ्य उपचारको व्यवस्था गरी समयमै स्वास्थ्य चेकजाँच सुविधा र सहुलियत उपचारका लागि पहुँच बृद्धि तथा अवसर सिर्जना गरी स्तरीय स्वास्थ्योपचारको व्यवस्था गर्न गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम, घरधुरी सर्वेक्षण, नेपाल सरकारद्धारा जारी गरिएको आर्थिक सर्वेक्षण समेतका आधारमा अति गरीब तथा विपन्न परिवारको लागि नेपाल सरकारद्धारा लागू गरिएको स्वास्थ्य बीमा कार्यक्रमलाई वृहत्तर रुपमा वृद्धि गराई सो बीमाको लागि लाग्ने तोकिएको शुल्कको ७५ प्रतिशत रकम अनुदान स्वरुप गाउँपालिकाले उपलव्ध गराउने।

निर्णय नं.३:

राक्सिराङ्ग गाउँपालिकामा बर्षेनी चटयाङ्जन्य घटनाबाट जनधनको क्षति हुने गरेको अवस्थालाई मध्यनजर गर्दै आगामी दिनमा चटयाङ्का घटनाबाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण तथा रोकथामका लागि सम्पूर्ण राक्सिराङ्ग गाउँपालिकाबासी नागरिकहरुलाई सचेत रहन अपील गर्ने, प्राविधिक अध्ययन समेत गराई प्रत्येक घरमा **Lightning Arrester** तथा प्रविधि जडान गर्नको लागि अनुरोध गर्ने र सो जडान कार्यमा लाग्ने लागतमा रु ५००० प्रति घरपरिवारका दरले गाउँपालिकाबाट अनुदान उपलब्ध गराउने ।

निर्णय नं.४:

नेपालको विभिन्न ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र द्वन्द्वका क्रममा प्रभावित भएका, वेपत्ता भएका, शहादत प्राप्त गरेका तथा घाइते भएकाहरुको एवम् निजहरुका आश्रित परिवारका जीविकोपार्जन तथा जीवनस्तर सुधार, रोजगारी सिर्जना एवम् आर्थिक उपार्जनमा टेवा पुऱ्याउन विशेष कार्यक्रमहरु अगाडी बढाउने ।

निर्णय नं.५:

राक्सिराङ्ग गाउँपालिकाको भू उपयोग नीति कार्यान्वयन गर्ने सन्दर्भमा देहाय बमोजिमका क्रियाकलाप तथा कार्यक्रमहरु संचालन गर्ने:

- गाँउँपालिकाभित्र रहेका खेतीयोग्य बाँझो जग्गा जमीनहरुको लगत संकलन गर्ने
- बाँझो राखिएका जमीनहरुको हकमा कानून बनाई जरिवानाको दायरामा ल्याउने
- हाल निर्माण गरिएका विभिन्न बाटो तथा सडकहरुलाई स्तरोन्नती गरी बाहै महिना संचालन हुन सक्ने अवस्थामा पुऱ्याउने

सुशीला

- श्रम सहकारीको स्थापना तथा संचालन र त्यसका परिचालनका माध्यमबाट जग्गा जमीनहरुको दीगो उपयोग गर्ने
- स्थान विशेष, विज्ञबाट अध्ययन अनुसन्धान गराई भौगोलिक बनावट तथा सम्भावित उत्पादन हुन सक्ने बस्तुहरुको पहिचान गरी एक गाउँ एक उत्पादन कार्यक्रम बनाई लागू गर्ने
- कृषि बीमा, कृषीमा सहुलियतपूर्ण ऋण, अनुदान, मल बीउ खरिद तथा वितरणमा अनुदान, कृषक पेन्सन तथा किसान क्रेडिट कार्ड जस्ता कार्यहरुका लागि व्यवसायिक कृषी खेतीलाई विशेष कार्यक्रम संचालन गरी आधारशीला तयार गर्ने ।
- जैविक विविधतामा आधारित कृषी खेती प्रणाली अंवलम्वन गरी, सम्भाव्यताका अध्ययन गरी आगामी पाँच बर्षमा हरित गाउँपालिका घोषणा गर्ने गरी कार्यक्रम संचालन गर्ने ।

निर्णय नं.६:

राक्सिराङ्ग गाउँपालिका बासीहरुलाई स्वास्थ्य उपचार र सुविधामा बढोत्तरी गर्नका लागि यस गाउँपालिका अन्तर्गत रहेको राक्सिराङ्ग आधारभूत अस्पतालमा नेपाल सरकारद्धारा लागू गरिएको स्वास्थ्य बीमा कार्यक्रम लागू गर्ने प्रकृया अगाडी बढाउने, सो कार्यका लागि स्वास्थ्य बीमा नियमावली २०७५ को नियम २६(१) बमोजिम स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति देहाय बमोजिम गठन गरी आवश्यक कार्य अगाडी बढाउने ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| बढी जनसंख्या भएको वडाहरु मध्येबाट वडाअध्यक्ष १ जना | सदस्य |
| राक्सिराङ्ग आधारभूत अस्पताल, मेडिकल अधिकृत | सदस्य |
| गाउँपालिका कार्यालयका स्वास्थ्य संयोजक | सदस्य |
| स्वास्थ्य बीमा बोर्डको राक्सिराङ्ग गाउँपालिका हेर्ने प्रतिनिधि | सदस्य |
| महिला स्वास्थ्य स्वयंम्सेविका मध्येबाट १ जना | सदस्य |
| स्वास्थ्य क्षेत्रमा अनुभवी समाजसेवी मध्येबाट १ जना | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत | सदस्य सचिव |

निर्णय नं.७:

नेपालको संविधान अनुसार संघीयता लागु भएपछिको मिति २०७४/०२/३१ गते बसेको कार्यपालिकाको प्रथम बैठक देखि मिति २०७८/१२/१९ गतेको ७५औं बैठक सम्म भए गरेका निर्णयहरुको समिक्षा गरि कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने ।

निर्णय नं.८: विविध

- स्थानीय तह चौथो सहिद स्मृती राष्ट्रिय फुटवल प्रतियोगिता, मकवानपुर गोल्डकप २०७९ संचालनका लागि श्री मकवानपुर जिल्ला फुटबल संघबाट पेश हुन आएको प्रस्ताव उपर छलफल हुँदा उक्त संस्था लाई कार्यक्रम संचालन सहयोग स्वरुप गाउँपालिकाको स्रोतबाट रु २,००,००० अक्षेरेपी दुई लाख मात्र उपलब्ध गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।
- श्री लोक सेवा आयोग, केन्द्रिय कार्यालयको मिति २०७६/०२/१५ को विज्ञापन बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह कर्मचारी प्रशासन शाखाको मिति २०७६/०८/२० को प.सं.२०७६/७७ च.नं. ६४ को पत्रानुसार प्रशासन सेवा सामान्य प्रशासन समूहको अधिकृतस्तर छैटौं तहमा सिफारिस भई यस गाउँपालिकामा कार्यरत रहनुभएका श्री गोविन्द अधिकारी (क.सं.नं २३५६८५) लाई संघीय वा प्रदेश कानुनले अन्य व्यवस्था गरेमा सोहि अनुसार हुने अन्यथा नियुक्ति मिति देखि नै ज्येष्ठता कायम हुने गरी बागमती प्रदेश सरकारद्वारा जारी स्थानीय सेवाको गठन र सञ्चालन सम्वन्धी

अध्यादेश, २०७८ को दफा ६ (१) बमोजिम स्थानीय प्रशासन सेवाको सामान्य प्रशासन समूहको सातौं तहको दरबन्दी कायम गरी सो तहमा राक्सिराङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा पदस्थापना गर्ने ।

- यस गाउँपालिकाबाट सम्झौता भई उपभोक्ता समिति मार्फत् संचालनमा रहेका योजनाहरुको हकमा विभिन्न उपभोक्ता समितिबाट मनासिब कारण सहित म्याद थपका लागि अनुरोध भई आएको हुँदा यसै आर्थिक वर्षमा समपन्न गरिनुपर्ने योजना तथा कार्यक्रमका लागि योजना सम्पन्न गर्नुपर्ने मिति २०७९ असार २० गतेसम्म थप गरी कार्यान्वयन गराउन तथा ठेक्का भई निर्माण प्रकृयामा रहेका योजनाहरुका हकमा सेवा प्रदायक संस्थाको मागका आधारमा औचित्यता हेरी आवश्यकता अनुसार म्याद थप गर्नको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत निर्णय गरियो ।**

| | | | |
|---|---|---|---|
| (सुजता दमाई)<br>कार्यपालिका सदस्य | (सजिना मुक्तान नेपाली )<br>कार्यपालिका सदस्य | (शुशिला सुनार)<br>कार्यपालिका सदस्य | (शान्ता कुमारी अर्याल)<br>कार्यपालिका सदस्य |
| (सिङ्गलाल प्रजा)<br>कार्यपालिका सदस्य | (चन्द्रमान प्रजा)<br>कार्यपालिका सदस्य | (बाबी राम मुक्तान)<br>वडा अध्यक्ष | (बुद्धि राम मुक्तान)<br>वडा अध्यक्ष |
| (उत्तम वाइवा)<br>वडा अध्यक्ष | (संजय कोइराला)<br>वडा अध्यक्ष | (हरि बहादुर प्रजा)<br>वडा अध्यक्ष | (अकल बहादुर मोक्तान)<br>वडा अध्यक्ष |
| (राम बहादुर प्रजा)<br>वडा अध्यक्ष | (युसाई प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष | |
| (बनस्तम थिङ)<br>उपाध्यक्ष | (राजकुमार मल्ल)<br>अध्यक्ष | | |